सेप्टेम्बर 18, 2023

विद्यालय वर्ष 2023-24 ले निरन्तर रूपमा छाप छोडिरहेको छ । म DeKalb County School District (*DCSD*) का हाम्रा विद्यालयहरू तथा समुदायको भ्रमण गर्दै गर्दा र उनीहरूसँग संलग्न हुँदै गर्दा, मैले हाम्रा उपलब्धिहरू र हाम्रा विद्यार्थीहरू, परिवारहरू र कर्मचारीहरूलाई समर्थन गर्न हामीले गरेका कामहरूको बारेमा सच्चा रूपमा गर्व र उत्साह महसुस गरेको छु ।

म H-PRIDE बाट प्रमाणित सबैभन्दा अन्तिम विद्यालयहरूको घोषणाबाट सुरु गर्न चाहन्छु: Barack H. Obama Elementary Magnet School of Technology, Columbia Elementary, Montgomery Elementary, Chapel Hill Middle, Champion Middle, Chamblee Middle, तथा Chamblee High School । यी उत्कृष्ट समूहहरू H-PRIDE *को मानवीकरण, व्यावसायिकता, सम्मान, सत्यनिष्ठा, गरिमा र सहानुभूतिका सिद्धान्तहरू प्रति समर्पित बढ्दो सङ्ख्याका विद्यालयहरूमा सामेल भएका छन् ।* हामी हाम्रा डिस्ट्रिक्टका नेतृत्वहरू, विद्यालय प्रशासकहरू, विद्यार्थीहरू र कर्मचारीहरूको माझमा यी मूल्य र मान्यताहरूलाई प्रोत्साहन गरेर बलियो सम्बन्ध निर्माण गर्छौं र हामीले गर्ने सबै कुराहरूमा ठूलो सफलता हासिल गर्छौं ।

समितिको गत हप्ताको बैठकमा, 2023 को उत्कृष्ट हाइ स्कूल ट्र्याक एन्ड फिल्ड प्रशिक्षकको रूपमा छनौट भएकोमा Southwest DeKalb High School का प्रशिक्षक Bob Mullen को सम्मान गरिएको थियो । उक्त पुरस्कार आफ्नो नेतृत्व कौशल र आफ्नो टोलीको उपलब्धिहरूको अतिरिक्त, आफ्नो विद्यार्थी-खेलाडीहरूमा सकारात्मक प्रभाव पार्ने समर्पणको लागि प्रशिक्षक Mullen लाई US Track and Field and Cross-Country Coaches Association द्वारा प्रदान गरिएको थियो । प्रशिक्षक Mullen लाई यो सुयोग्य सम्मानका लागि बधाई छ !

Avondale, Austin, Dunaire, International Community, Leadership Prep, McLendon, Montgomery, Museum, Oak Grove, तथा Vanderlyn प्राथमिक विद्यालयहरूलाई हृदयदेखि बधाई छ । यी विद्यालयहरूलाई राज्य सुपरिन्टेन्डेन्ट, Richard Woodsद्वारा शिक्षामा उत्कृष्ट उपलब्धिहरूका लागि शैक्षिक नेतृत्वको ब्यानर प्रदान गरिएको छ

हाम्रा अभूतपूर्व शिक्षकहरू, विद्यालयका नेतृत्वहरू, अभिभावकहरू, विद्यालय समितिका सदस्यहरू, र सबैभन्दा महत्त्वपूर्ण हाम्रा विद्यार्थीहरूले देखाएको कडा परिश्रम र समर्पणमा हामी गर्व गर्छौं । यो सम्मान आफ्ना विद्यालयहरूमा साक्षरताको मजबुत संस्कृतिलाई बढवा दिने उनीहरूको प्रतिबद्धताको प्रमाण हो । हामी राज्य शिक्षा समितिका सदस्यहरू, सेनेटरहरू, तथा प्रतिनिधिहरूको अटुट समर्थनका लागि पनि धन्यवाद दिन्छौं ।

साक्षरता एक आधारभूत सीप हो जसले व्यक्तिहरूलाई क्षमता प्रदान गर्छ र अनगिन्ती सम्भावनाहरूको ढोका खोल्छ । साक्षरतालाई प्रवर्द्धन गर्ने यी प्राथमिक विद्यालयहरूको उपलब्धिहरू साँच्चै प्रशंसनीय सम्मान योग्य छन् । हामी हाम्रा विद्यार्थीहरूलाई पठन प्रतिको लगाव र शैक्षिक रूपमा सफल हुन आवश्यक पर्ने सीपहरू विकास गर्न मद्दत गर्ने अथक प्रयासका लागि संलग्न सबैको प्रशंसा गर्छौं ।

शैक्षिक नेतृत्वको सम्मान पाएकोमा, Avondale, Austin, Dunaire, International Community, Leadership Prep, McLendon, Montgomery, Museum, Oak Grove, र Vanderlyn प्राथमिक विद्यालयहरूलाई फेरि

पनि बधाई छ । हाम्रो डिस्ट्रिक्ट भित्र यस्ता असाधारण विद्यालयहरू पाउँदा हामी सम्मानित भएका छौं र शैक्षिक उत्कृष्टता प्राप्त गर्ने कुरामा निरन्तर सफलता प्राप्त गर्न उत्साहित छौं ।

डिस्ट्रिक्टलाई उदार भएर $1.2 मिलियनको अनुदान प्रदान गरेकोमा City of Stonecrest तथा मेयर Jazzmin Cobble लाई विशेष “धन्यवाद” छ । यी कोषले Stonecrest City का 12 DCSD विद्यालयहरूलाई सर्वाङ्गीण सेवा प्रदान गर्नेछ र साथै COVID-19 बाट प्रभावितहरूका लागि आत्म-जागरूकता र आराममा प्रवर्द्धन गर्न "*Zen Dens*" सिर्जना गर्न कोष प्रदान गर्नेछ । यो उल्लेखनीय पहलले हाम्रो समुदायमा निस्सन्देह रूपमा सकारात्मक प्रभाव पार्नेछ ।

COVID-19 को बारेमा कुरा गर्नु पर्दा,  कृपया थाहा पाउनुहोस् कि DCSD ले Dekalb County र वरपरका क्षेत्रहरूमा संक्रमण पुष्टिका घटनाहरूलाई नजिकबाट निगरानी गरिरहेको छ । बिरामीको कारण अनुपस्थिति वृद्धि भएको अवस्थामा, हामी संक्रमणको फैलावटलाई नियन्त्रण गर्न निम्न उपायहरू प्रयोग गर्न सुझाव दिनेछौं:

- बिरामी हुँदा सबै कर्मचारी र विद्यार्थीहरूलाई विद्यालय नगइ घरमै बस्न प्रोत्साहित गर्ने ।
- लक्षण देखिएमा COVID-19 र फ्लूको व्यक्तिगत परीक्षण गर्ने ।
- श्वासप्रश्वाससम्बन्धी उपयुक्त बानी र उपयुक्त तरिकाले हात धुने बानीलाई प्रोत्साहन गर्ने ।
- सबै कर्मचारी र विद्यार्थीहरूलाई COVID-19 र फ्लू दुबैको खोप लगाउन प्रोत्साहन गर्ने ।

COVID-19 को संक्रमणको घटनाको बारेमा अन्तिम जानकारी पहुँच गर्न, यो लिङ्कमा यहाँ क्लिक गर्नुहोस् ।

अन्त्य गर्नुअघि, हामी Druid Hills High तथा Dunwoody High बीचको फुटबल खेल रद्द भएकोमा हृदयबाट माफी माग्न चाहन्छौं र हामीले उक्त खेल सेप्टेम्बर 9 का लागि Adam’s stadium मा सारेका छौं ।  यसले खेलाडीहरू, विद्यार्थीहरू, प्रशिक्षकहरू र संलग्न परिवारहरूमा जुन कुण्ठा र निराशा ल्याएको छ, हामीले त्यसलाई बुझेका छौं; यद्यपि, यो बुझ्नु महत्त्वपूर्ण हुन्छ कि डिस्ट्रिक्टको रूपमा, रेफ्रीहरूको समयतालिका तय गर्ने कुरामा हाम्रो हात हुँदैन । यो कुरा Georgia High School Association द्वारा प्रबन्धित गरिन्छ ।

हामी भविष्यमा खेल रद्द हुने तथा तालिका परिमार्जन हुने त्यस्ता समस्याहरू नदोहोरियोस् भनेर सुनिश्चित गर्न संलग्न सबै पक्षहरूसँग लगनशीलताका साथ काम गरिरहेका छौं । हाम्रो लक्ष्य भनेको खेलकुद घटनाहरूका सबै सहभागीहरू र दर्शकहरूको लागी निर्बाध र रमाइलो अनुभव प्रदान गर्नु छ । यसबाट पर्न गएको असुविधाको लागि हामी सच्चा रूपमा क्षमाप्रार्थी छौं र तपाईंको बुझाइको कदर गर्दछौं ।

हाम्रा विद्यालय, विद्यार्थी, कर्मचारी, र समुदायलाई सहयोग गर्न तपाईंहरूले जे जति गर्नुभएको छ, त्यसका लागि सबैलाई धन्यवाद । तपाईंको सप्ताह सुखद र फलदायी बनोस् !